जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २७९ पृष्ठः ४ | २०८२ फाल्गुन १८ सोमबार (Monday 02 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहाका विभिन्न स्थानबाट दलको लोगो र उम्मेदवारको तस्वीर अंकित टी-सर्ट बरामद



सिरहा, १७ फाल्गुन। सिरहा बजार क्षेत्रका विभिन्न पसलबाट करिब ७ सय थान टी-सर्ट प्रहरीले बरामद गरेको छ। प्रहरीका अनुसार निर्वाचन नजिकिँदै जाँदा पार्टीको लोगो र उम्मेदवारको अनुहार अंकित टी-सर्ट बिक्री-वितरणका लागि राखिएको सूचना प्राप्त भएपछि संयुक्त रूपमा अनुगमन गरिएको थियो। सोही क्रममा लहान, कर्जन्हा र सदरमुकाम आसपासका पसलबाट ती सामग्री बरामद गरिएको हो।

जिल्ला प्रशासन कार्यालय सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले होली पर्वको अवसर पारेर प्रचार सामग्रीका रूपमा टी-सर्ट छापी वितरण गर्न लागिएको विभिन्न स्रोतबाट सूचना आएको बताए। निर्वाचनको मुखमा मतदातालाई विभिन्न कोणबाट प्रभावित पार्ने गतिविधि हुन सक्ने भएकाले हामीले निगरानी बढाएको उनले बताए। बरालका अनुसार निर्वाचन आचारसंहिताविपरीत हुने कुनै पनि प्रकारका प्रचार सामग्री नियन्त्रण गरिने र यसबारे थप अनुसन्धान भइरहेको छ।

प्रशासनका अनुसार,नियन्त्रणमा लिएको टी-सर्टमा नेकपा,नेकपा एमाले, जसपा, रास्वपा, जनमत, नेपाली कांग्रेस पार्टी लगायत रहेको छ। प्रशासनले व्यवसायी तथा राजनीतिक दललाई कानुन र निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न आग्रह गरेको छ।

## सिराहामा स्रोत नखुलेको पाँच लाख रुपैयाँसहित एक पक्राउ

**मणिलाल विश्वकर्मा**

सिरहा, १७ फाल्गुन। सिराहाको लक्ष्मीपुरपतारी गाउँपालिका-३, महेशपुरबाट प्रहरीले स्रोत नखुलेको पाँच लाख रुपैयाँसहित एक युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बरियारपट्टी गाउँपालिका-२, श्रीपुर बस्दै आएका २५ वर्षीय विजयकुमार साह रहेको प्रहरीले जनाएको छ। गस्तीमा रहेको प्रहरीले मोटरसाइकल चढेर शंकास्पद अवस्थामा हिँडिरहेका साहलाई रोकेर झोला खानतलासी गर्दा पाँच लाख रुपैयाँ बरामद भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ ।

प्रहरीका अनुसार महेशपुरपतारस्थित इलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरी गस्ती टोलीले स.७प ८२९५ नम्बरको मोटरसाइकल चढेर बरियारपट्टी हुँदै धनगढीतर्फ आउँदै गरेका साहलाई स्रोत नखुलेको रकमसहित पक्राउ गरेको हो। झोलामा रहेको पाँच लाख रुपैयाँ नगद कहाँबाट र के प्रयोजनका लागि ल्याइएको हो भन्ने उल्लेख गर्न नसकेका साहले बोकेको मोबाइलमा समेत शंकास्पद नम्बरहरू पाइएपछि तत्काल नियन्त्रणमा लिई महेशपुरपतार प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यसअघि प्रहरीले ८ फागुनमा सिराहाको औरही गाउँपालिका- ५, औरही चोकबाट स्रोत नखुलेको १४ लाख रुपैयाँसहित बरियारपट्टी गाउँपालिका- ३, शिवनगरका करिब २१ वर्षीय सञ्जीवकुमार यादवलाई पक्राउ गरेको थियो।

## किसानबाट ११ हजार क्विन्टल धान खरिद

धनुषा, १७ फाल्गुन। यस वर्ष खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मधेस प्रदेश कार्यालय जनकपुरधामले विगत तीन महिना महोत्तरी र धनुषाका किसानबाट ११ हजार ६६५ क्विन्टल धान खरिद गरेको छ। कार्यालयका प्रादेशिक प्रमुख निर्मल थापाका अनुसार महोत्तरी र धनुषा जिल्लाका ३०० किसानबाट रु चार करोड २३ लाख २४ हजार मूल्य बराबरको धान खरिद गरिएको हो। साथै कार्यालयको

**-बाँकी तीन पेजमा**

## पुराना प्रतिबद्धताको हिसाब माग्दै सिरहाका मतदाता

सिरहा, १७ फाल्गुन। आगामी प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै जाँदा सिरहाका गाउँबस्तीमा चुनावी रौनक त बढेको छ, तर उम्मेदवारहरूका लागि यसपटकको घरदैलो विगतको जस्तो सहज छैन। हिजोका दिनमा आश्वासनका पोका सुन्ने र ताली बजाउने मतदाता अहिले 'अडिटर'का रूपमा उम्मेदवारको प्रतीक्षा गरिरहेका छन्। पुराना दलका नेताहरूलाई विगतको 'रिपोर्ट कार्ड' देखाउन मुस्किल परिरहेको छ भने नयाँलाई पुरानाजस्तै नहुने आधार पेस गर्न धौधौ छ। यहाँका मतदाताले अहिले मुख्य रूपमा चार वटा मुद्दालाई आफ्नो 'बार्गेनिङ प्वाइन्ट' बनाएका छन्, कमला पुलको अलपत्र अवस्था, भूमिहीनको लालपुर्जा, किसानको मलखाद र गाउँगाउँमा पक्की सडक।

हुलाकी राजमार्ग अन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीको पुल १४ वर्ष बित्दा पनि निर्माण सम्पन्न नभएकामा स्थानीयको ठुलो आक्रोश छ। सिरहा नगरपालिका-६ बसबिट्टाका स्थानीय युवा प्रवीण यादव भन्छन्, "हरेक चुनावमा यही पुलको मुद्दा बेचेर नेताहरूले भोट लान्छन्। पुल बनिसक्नुअघि नै भासियो, तर कसैलाई कारबाही भएन। अब हामी पुलको शिलान्यास होइन, त्यसमा गाडी गुडेको देख्न चाहन्छौं। जसले ठोस कार्यतालिका दिन्छ, उसैलाई भोट जान्छ।" भगवानपुर, लहान, धनगढीमाई, गोलबजार र नवराजपुर क्षेत्रका मुसहर तथा दलित बस्तीमा पुग्ने उम्मेदवारलाई लालपुर्जाको प्रश्नले घेर्ने गरिएको छ। मुसहर समुदायका अगुवा रामसुफल सदाय भन्छन्, "हाम्रा पुस्ता यही माटोमा बिते, तर हाम्रो नाममा एक धुर जमिनको लालपुर्जा छैन। हरेकपटक लालपुर्जा बाँड्छौं भनेर फारम भराउँछन्, तर चुनावपछि ती फारम कहाँ हराउँछन् कसैलाई थाहा हुन्न। यसपालि हामी कागज होइन, अधिकार खोज्दै छौं।"

राजनीतिक विश्लेषक तथा दलित अभियन्ता राजेश विद्रोही

**-बाँकी तीन पेजमा**






## तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आ नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## आक्रमण तत्काल रोकी वार्ता गर

अमेरिका र इजरायलले गरेको आक्रमणबाट इरानका निरंकुश शासक अयातुल्लाह अली खामेनीको पनि मृत्यु भएको पुष्टि इरान सरकारले नै गरेको छ। अमेरिकाले इरानको परमाणु कार्यक्रम आफ्नो र इजरायलको लागि जोखिमपूर्ण भएको भन्दै बन्द गर्न चेतावनी दिँदैआएको थियो। इस्लामी गणतन्त्र भएलगत्तै देखि इरानले अमेरिका र इजरायलविरुद्ध सक्रिय छापामार समूहलाई सहयोग गर्दैआएको थियो। इस्लामी क्रान्तिपछि इरानलाई कट्टर धार्मिक राज्यमा परिणत गरियो। लोकतान्त्रिक अधिकार माग गर्ने नागरिकहरूमाथि क्रूरतापूर्वक दमन गर्ने गरिएको थियो। गत पुसको अन्तिम सातामात्रै पनि महँगीविरुद्ध प्रदर्शनमा उत्रेका नागरिकहरूको नरसंहार गरिएको थियो। त्यही दमनको प्रतीक अयातुल्लाह खामेनी मारिएको पुष्टि भएपछि इरानका सडकहरू जनताहरूले उत्सव मनाएको खबर आएका छन्।

अब इरानमा लोकतान्त्रिक शासन स्थापना हुन पनि सक्छ। पश्चिमसँग अनुचित र अनावश्यक शत्रुता नराख्ने हो भने तेल भण्डार भएको मझौला शक्ति राष्ट्र इरान छिटै नै विकसित पनि हुनसक्छ। समृद्ध र लोकतान्त्रिक इरान विश्व शान्ति र विशेषगरी मध्यपूर्वमा अस्थिरता एवं धार्मिक कट्टरताको अन्त्यका लागि सहायक हुने विश्वास गरिन्छ। यसैले खामेनीको मृत्यु अन्तर्राष्ट्रिय शोक र चिन्ताको विषय नबनेको हुनुपर्छ। हुनत, खामेनीले सधैँ नै इजरायललाई समाप्त पार्ने हुँकार गर्दै र इजरायल विरोधी छापामार समूहलाई मद्दत गर्दैआएका थिए। तैपनि, अयातुल्लाह खामेनी जति नै खराब शासक भए पनि अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणको औचित्य भने पुष्टि हुँदैन। इरानको शासन पद्धति र शासक छान्ने अधिकार इरानी नागरिकको मात्र हुन्छ। कुनै पनि शासककलाई अर्को देशको सार्वभौमिकतामा हस्तक्षेप गर्ने अधिकार हुँदैन। यसैले अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणको समर्थन गर्न सकिँदैन।

'युद्ध सुरु गर्न होइन अन्त्य गर्न' मत मागेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान र भेनेजुयलामा आक्रमण गरेर आफ्नै वाचा तोडेका छन्। विधिमा आधारित अन्तर्राष्ट्रिय व्यवस्था अमेरिकाकै कारण अहिले संकटमा परेको छ। सायद यही कारणले अमेरिकाकै निकट सहयोगी रहेको छिमेकी क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले त विधिमा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाको अन्त्य भएको घोषणा नै गरेका हुन्। स्मरणीय छ, दोस्रो विश्वयुद्धपछि अमेरिकाकै पहल र नेतृत्वमा विधिमा आधारित अन्तर्राष्ट्रिय व्यवस्था खडा भएको थियो। भनिन्छ, यही कारणले संयुक्त राष्ट्रसंघले अहिलेसम्म तेस्रो विश्वयुद्ध टार्न सकेको हो। इरानको वर्तमान सरकारले अयातुल्लाह खामेनीको हत्याको बदला लिने घोषणा गरेको छ भने अमेरिकाका राष्ट्रपति ट्रम्पले पनि बमबारी नरोकिने जनाएका छन्। अर्थात्, निर्दोष नागरिक मारिने खतरा बढेको छ। तेहरानमाथि हिजो भएको बमबारीमा स्कुले विद्यार्थी पनि मारिएका छन्।

सैनिक आक्रमण र प्रत्याक्रमणले बढ्ने त हत्या, हिंसा र घृणा एवं प्रतिशोधको शृङ्खला नै हो। इरानका सर्वसाधारण नागरिकले त कसैको केही बिगारेका छैनन्। अमेरिकाका कट्टर दुस्मन अयातुल्लाह खामेनीको मृत्युले वार्ताका लागि सहज वातावरण बनेको छ। यसैले अमेरिका र इजरायलले अर्को आक्रमण तत्काल रोक्नुपर्छ भने इरानका शासकले पनि प्रत्याक्रमण रोकी अमेरिकासँग वार्ता उचित देखिन्छ। प्रधानमन्त्री कार्नीले भनेजस्तै विधिमा आधारित विश्व व्यवस्था समाप्त नै भएको हो भने पनि यसलाई पुनर्जीवन दिनु विश्व शान्तिका आवश्यक देखिन्छ। नत्र, राष्ट्रिय सार्वभौम सत्ता र स्वाधीनताको अर्थ समाप्त हुनेछ भने सैनिक दृष्टिमा कमजोर मुलुकहरूको अस्तित्व नै सङ्कटमा पर्नेछ। यसैले पनि अन्तर्राष्ट्रिय समुदायले युद्ध रोकेर वार्ता सुरु गराउन पहल गर्नुपर्छ र त्यसको नेतृत्व लिएर संयुक्त राष्ट्रसंघले आफ्नो औचित्य सिद्ध गरोस्।

इजरायल, इरान र मध्यपूर्वमा रहेका नेपाली नागरिसलाई सरकारले सुरक्षित रहन निर्देश जारी गरेको छ। स्थिति सामान्य नहुन्जेल आफू सुरक्षित रहनुका साथै नजिकको नेपाली नियोगसँग सम्पर्कमा रहनु नेपालीहरूका लागि पनि उचित हुनेछ। स्वदेश फर्कन चाहनेहरूले पनि सरकारसँग समन्वय गरी सुरक्षा अवस्था हेरेरमात्र निर्णय गर्नु बुद्धिमानी हुने देखिन्छ।

# राष्ट्रिय सहमति : राजनीतिक स्थायित्वको मार्गचित्र



रवि बराल

नेपालको आधुनिक राजनीतिक यात्रा निरन्तर परिवर्तन, आन्दोलन र संरचनागत पुनर्संयोजनको इतिहास हो । विसं २००७ सालमा राणा शासनको अन्त्यसँगै प्रजातन्त्रको सुरु भए पनि स्थिर संवैधानिक अभ्यासको विकास हुन सकेन । विसं २०१७ सालपछि बहुदलीय प्रजातान्त्रिक व्यवस्था अन्त्य भई पञ्चायती शासन तीन दशकसम्म चल्यो । विसं २०४६ को जनआन्दोलनले फेरि बहुदलीय प्रजातन्त्र त फर्कायो तर बारम्बारको सरकार परिवर्तन र कमजोर संस्थागत संस्कारका कारण लोकतन्त्र परिपक्व हुन पाएन । विसं २०५२–२०६२ को माओवादी हिंसाले राज्य संरचना र समाज दुवैलाई गहिरोरूपमा प्रभावित गर्‍यो। विसं २०६२–६३ को जनआन्दोलनपछि गणतन्त्र घोषणा भयो र संविधान सभाको निर्णयमार्फत राजतन्त्र अन्त्य गरियो। विसं २०७२ सालमा नेपालको संविधान जारी भयो जसले संघीयता, गणतन्त्र, समावेशिता र अधिकार विस्तारलाई कानुनी आधार दियो। व्यवहारमा भने राजनीतिक अस्थिरता, सत्ता समीकरणको खेल, कमजोर जवाफदेही र प्रशासनिक कमजोरीले संविधानप्रतिको जनविश्वास अपेक्षित रूपमा मजबुत हुनसकेन।

विसं २०७२ पछि बनेका गठबन्धन सरकारहरू निरन्तर फेरिँदै गए। सत्ता साझेदारीको राजनीति र अस्थिर समीकरणले नीतिगत निरन्तरता, दीर्घकालीन विकास योजना र सुशासनमा प्रत्यक्ष असर पारे। जनतामा 'सरकारमात्र बदलिन्छ तर शासन संस्कार बदलिँदैन' भन्ने निराशा बढ्दै गयो। यही पृष्ठभूमिमा २०८२ भदौ २३–२४ को 'जेन–जी' आन्दोलनले युवापुस्ताको असन्तोष, नेतृत्वप्रतिको अविश्वास र राज्य एवं नागरिकको सम्बन्धमा देखिएको दूरीलाई उजागर गर्‍यो। भदौ २३–२४ का घटनापछि नेतृत्वले नैतिक जिम्मेवारी लिन नचाहँदा संस्थागत विश्वसनीयतामाथि थप प्रश्न उठे। त्यसमाथि नेपाली राजनीतिमा कार्यकर्ताले तर्कभन्दा अन्धसमर्थनलाई प्राथमिकता दिने 'दास प्रवृत्ति' लोकतान्त्रिक संस्कृतिका लागि अर्को चुनौती बनेको छ।

आसन्न निर्वाचन प्रतिनिधि चयनको प्रक्रियामात्र होइन। यो शासन संस्कार, स्थायित्व र लोकतान्त्रिक परिपक्वताको परीक्षण पनि हो। मतदाताले अब सरकारमात्र होइन दीर्घकालीन स्थिरता र जिम्मेवार राजनीतिक व्यवहार रोज्नु हो। त्यसैले दलहरूले 'संस्थागत स्थायित्व र राष्ट्रिय सहमति' प्रति आफ्नो स्पष्ट प्रतिबद्धता देखाउनैपर्छ। आगामी निर्वाचन फेरि पनि सत्ता समीकरणको खेलमै सीमित रहयो भने अस्थिरताको चक्र दोहोरिन सक्छ। यसलाई लोकतान्त्रिक संस्कार, पारदर्शिता, सुशासन र दीर्घकालीन राष्ट्रिय दृष्टिकोणसँग जोड्न सकियो भनेमात्र नेपाल संक्रमणबाट स्थायित्वतर्फ उन्मुख हुन सक्छ। त्यसैले आगामी निर्वाचनलाई 'लोकतान्त्रिक स्थायित्वको परीक्षा' भनिएको छ।

प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा पूर्वराजा ज्ञानेन्द्र शाहले प्रत्यक्ष आक्षेप नलगाई राष्ट्रिय सहमतिमार्फत 'पहिले समस्या समाधान, पछि निर्वाचन' भन्ने सुझाव दिए। केही विश्लेषकहरूले पनि बंगलादेशको उदाहरण प्रस्तुत गर्दै राष्ट्रिय विवादका विषयमा व्यापक सहमति निर्माण गरेर चुनावमा जानु दीर्घकालीन स्थिरताका लागि उपयोगी हुने तर्क गरेका छन्। अन्तरिम सरकारले प्रतिनिधि सभा निर्वाचनसँगै राष्ट्रिय सहमतिबाट तयार हुने घोषणापत्रको जनमतसंग्रह एकैसाथ गर्ने अवसर गुमायो। अहिले पनि सर्वपक्षीय समिति गठन गरी राष्ट्रिय सहमतिको प्रक्रिया सुरु गर्न भने सकिन्छ। निर्वाचनपछि बन्ने सरकारले यसलाई अन्तिम रूप दिँदै संस्थागत बनाउने जिम्मेवारी लिनुपर्छ। यस्तो पहलले दीर्घकालीन राजनीतिक स्थायित्वको आधार निर्माण गर्न मद्दत गर्नेछ।

अहिले मुलुक निर्वाचनमय भएको छ। अबको मुख्य प्राथमिकता भनेको फागुन २१ को निर्वाचनलाई शान्त, मर्यादित र विश्वसनीय ढङ्गले सम्पन्न गर्नु हो। निर्धारित समयमा निर्वाचन नभए मुलुकमा थप जटिलता उत्पन्न हुनसक्ने भएकाले निर्वाचन समयमै सम्पन्न हुनु अत्यावश्यक छ ।

**बंगलादेशमा सहमति र प्रतिस्पर्धा सँगसँगै**

फेब्रुअरी १२ मा सम्पन्न बंगलादेशको निर्वाचनमा बंगलादेश नेसनलिस्ट पार्टी ( बीएनपी) ले २१२ सिट जित्दै दुई तिहाइ बहुमत हासिल गर्‍यो। जमात–ए–इस्लामीसहितको ११ दलीय गठबन्धन ७७ सिटसहित दोस्रो ठूलो शक्ति बन्यो। त्यस्तै, ८ सिट स्वतन्त्र उम्मेदवार र ६ सिट जेन–जी आन्दोलनबाट बनेको नयाँ दलले जिते। बीएनपी अध्यक्ष तारिक रहमान बंगलादेशका नयाँ प्रधानमन्त्री बनेका छन्। यसपटक अवामी लिग प्रतिबन्धित भएकाले चुनावमा सहभागी हुन पाएन। कुल ५९.४४ प्रतिशत मतदाताले मतदानमा सहभागिता जनाए। निर्वाचनलाई समग्रमा शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय मानिएको छ। नोबेल पुरस्कार विजेता मोहम्मद युनुस नेतृत्वको अन्तरिम सरकारले १८ महिनाभित्र निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्‍यो।

राजनीतिक ुवीकरण र अविश्वासको पृष्ठभूमिमा बंगलादेशले संवैधानिक तथा संस्थागत विषयमा अग्रिम सहमति निर्माण गर्ने प्रयास 'जुलाई राष्ट्रिय घोषणापत्र' मार्फत गर्‍यो। पच्चीसभन्दा बढी राजनीतिक दलहरूको सहमतिमा बनेको ८४ बुँदे चार्टरको मूल उद्देश्य निर्वाचनलाई सत्ताको प्रतिस्पर्धामा सीमित नराखी राष्ट्रिय सवालमा न्यूनतम साझा सहमति निर्माण गर्नु थियो। यसले संवैधानिक संरचना, निर्वाचन प्रणाली, संस्थागत अधिकारक्षेत्र र लोकतान्त्रिक मूल्यजस्ता आधारभूत विषयलाई चुनावी लाभहानिको विषय नबनाई दीर्घकालीन प्रतिबद्धताका रूपमा स्थापित गर्ने प्रयास गर्‍यो। निर्वाचनसँगै फेब्रुअरी १२ मा भएको जनमतसंग्रहले यस चार्टरलाई जनसमर्थन प्रदान गर्‍यो। यसले राजनीतिक दलहरूलाई सुधार, पारदर्शिता र संस्थागत स्थायित्वतर्फ उन्मुख हुन मार्गप्रशस्त गरेको छ।

राजनीतिक प्रतिस्पर्धा लोकतन्त्रको स्वाभाविक तत्त्व हो। तर राज्यको आधारभूत संरचना, संवैधानिक निरन्तरता र संस्थागत स्थायित्व भने साझा राष्ट्रिय जिम्मेवारी हुन्। सहमति र प्रतिस्पर्धा परस्पर विरोधी होइनन् भन्ने तथ्य बंगलादेशको अनुभवले देखाएको छ। लोकतन्त्रलाई परिपक्व, उत्तरदायी र स्थिर बनाउन दुवैको सन्तुलित संयोजन अपरिहार्य हुन्छ।

**नेपालले के सिक्ने ?**

नेपालमा अहिलेको राजनीतिक बहस शासन प्रणाली, प्रतिनिधित्वको मोडेल र संघीय संरचनाको प्रभावकारितामाथि केन्द्रित छ। संसदीय प्रणालीलाई सुधार गर्ने कि वैकल्पिक मोडेलतर्फ उन्मुख हुने, प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्वबीच सन्तुलन कसरी मिलाउने र तीन तहका सरकारबीच अधिकार तथा वित्तीय समन्वय कति प्रभावकारी बनाउने जस्ता प्रश्नहरू आज राष्ट्रिय एजेन्डा बनेका छन्। संवैधानिक निकायहरूको स्वायत्तता, पारदर्शी र राजनीतिक प्रभावमुक्त नियुक्ति प्रक्रिया तथा धर्मनिरपेक्षताको व्यावहारिक परिभाषा पनि बहसका विषय हुन्। यही सन्दर्भमा बंगलादेशले अपनाएको 'जुलाई राष्ट्रिय घोषणापत्र' र त्यसको जनमतसंग्रहमार्फत प्राप्त वैधता नेपालका लागि पनि महत्त्वपूर्ण उदाहरण बनेको छ। विवादास्पद राष्ट्रिय मुद्दामा जनमत संग्रहमार्फत वैधता निर्माण गर्ने, सुशासनलाई राजनीतिक एजेन्डाको केन्द्रमा राख्ने र युवापुस्ताको अपेक्षा सम्बोधन गर्ने बंगलादेशको अभ्यासले राजनीतिक इच्छाशक्ति स्पष्ट भयो भने राष्ट्रिय सहमति निर्माण असम्भव हुँदैन भन्ने देखाएको छ।

नेपालमा सबै दल मिलेर यस्ता विषयहरूमा न्यूनतम राष्ट्रिय सहमति बनाउने हो भने प्रणालीप्रतिको जनविश्वास बलियो हुन्छ र लोकतन्त्र दीर्घकालीन रूपमा स्थिर बन्न सक्छ। राष्ट्रिय मुद्दामा सहमति र नीतिगत प्रतिस्पर्धामा स्वस्थ बहस—यिनै दुईको सन्तुलनले लोकतन्त्रलाई परिपक्व बनाउँछ भन्ने सन्देश बंगलादेशको अनुभवले दिन्छ।

**राष्ट्रिय सहमति किन ?**

नेपालमा स्थिर शासन र दीर्घकालीन नीति निर्माणका लागि राष्ट्रिय सहमति अब विकल्प नभएर आवश्यकता हो। निर्वाचन परिणाम अस्वीकार गर्ने प्रवृत्ति, सडक आन्दोलन, गठबन्धनको निरन्तर फेरबदल र शक्ति संघर्षले शासनलाई कमजोर बनाउँछ। सहमतिमा आधारित संरचनाले राजनीतिक प्रतिस्पर्धालाई परिणामसम्म सीमित राख्छ र प्रणालीप्रतिको अविश्वास बढ्न दिँदैन। त्यसैले शासन प्रणाली र संवैधानिक संरचनाबारे स्पष्ट राष्ट्रिय सहमति अनिवार्य हुन्छ। यस्तो सहमतिले संविधान र नीतिगत प्रक्रियालाई मजबुत बनाउँछ।

जनता आज सत्ता परिवर्तनमात्र होइन परिपक्व राजनीतिक संस्कार खोजिरहेका छन्। दलहरू राष्ट्रिय मुद्दामा सहकार्य गर्न सक्छन् भन्ने सन्देशले लोकतन्त्रप्रतिको विश्वास बलियो बनाउँछ। स्थिर वातावरणले लगानी, कूटनीति र विकास साझेदारीमा पनि सकारात्मक प्रभाव पार्छ। राष्ट्रिय सहमति विगतमा जस्तै शीर्ष नेताहरूको गोप्य सम्झौतामा सीमित हुनु हुँदैन। यो पारदर्शी र सार्वजनिक विमर्शसहित अघि बढ्ने प्रक्रिया हुनुपर्छ। शासन प्रणालीजस्ता आधारभूत विषयमा जनमतसंग्रहको विकल्प खुला राखिनुपर्छ। जनताको प्रत्यक्ष स्वीकृतिले निर्णयलाई कानुनी र नैतिक वैधता दुवै प्रदान गर्छ।

नेपालले धेरै ऐतिहासिक परिवर्तनहरू देखेको छ तर स्थायित्वलाई संस्थागत गर्न सकेको छैन। अबको आवश्यकता अर्को आन्दोलन होइन सहमतिमूलक, जिम्मेवार र दीर्घदृष्टियुक्त राजनीतिक अभ्यास हो। दल र सरकारले यही मार्ग रोजेमात्र लोकतन्त्र प्रतिस्पर्धात्मकसँगै स्थिर, उत्तरदायी र विश्वासयोग्य बन्न सक्छ।

**अन्त्यमा**

नेपालले सामना गरिरहेको शासन प्रणाली, प्रतिनिधित्वको मोडेल र संघीय संरचनासम्बन्धी बहसले देशलाई दीर्घकालीन

**–बाँकी तीन पेजमा**

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## रामकुमार शारडा उमा प्रसाद मुरारका प्रादेशिक अस्पताल

लहान, सिरहा

### शिलबन्दी दरभाउपत्र सम्बन्धी सुचना ।

**दोस्रो पटक प्रकाशित मिति :– २०८२/११/१८**

यस राम कुमार शारडा उमा प्रसाद मुरारका प्रादेशिक अस्पताल, लहान सिरहामा तपसिलका शिर्षकमा मालसमानहरु खरिद गर्नुपर्ने भएकोले यो शिलवन्दी दरभाउपत्र आहवान गरिएको छ। ईच्छुक फर्म संस्था वा कम्पनिले यो सुचना प्रकाशित मितिले १५ दिन भित्र फर्म नविकरण प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र, ०८१/०८२ को करचुक्ता प्रमाणपत्र स्वघोषणा पत्र तथा आवश्यक कागजातहरु पेश गरी तपशिल बमोजिमको फारम दस्तुर नगद वा बैंक भौचर शिर्षक नं. १४२२९ कार्यालय कोड ३७००५१६०३२ राष्ट्रिय वाणिज्य बौंकको खाता नं. १०००२०००१०००० मा जम्मा गरी यस अस्पतालको स्टोर शाखाबाट खरिद गर्न सकिन्छ।

**तपशिलः**

| सूचना नं. | कामको विवरण | फारम दस्तुर | फारम खरिद गर्ने अन्तिम मिति र समय | फारम दर्ता गर्ने अन्तिम मिति र समय | शिल कोटेशन खोल्ने मिति र समय | जम्मा रकम भ्याटसहित रु. | धरौटी रकम रु. | कै. |
|---|---|---|---|---|---|---|---|---|
| R.K.PHL/SQ/2/2082/083 (राशन) | राशन सामग्रीहरु | १०००/– | २०८२/१२/०२ ५ बजेभित्र | २०८२/१२/०३ १२ बजेभित्र | २०८२/१२/०३ २ बजे | ८०००००/– | २४०००/– | |

१. शिलवन्दी दरभाउपत्र सम्बन्धित कागजात खरिद गर्ने अन्तिम दिन दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट हुनेछ।
२. योग्यता रीत नपुगी तथा म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन। साथै कुनै शर्त राखि प्रस्ताव स्वीकार गरिने छैन।
३. यस सुचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४ र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।
४. भुक्तानि बिरामीको संख्या अनुसार दिइनेछ।
५. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यलयमा निहित रहनेछ।
६. BOQ मा उल्लेखित भएको सेवा र शर्तहरु मान्य हुनेछ।
७. बिशेष जानकारीको लागि यस रा.उ. प्रादेशिक अस्पताल, लहान सिरहाको स्टोर शाँखामा सम्पर्क गर्नुपर्नेछ।
८. बैंक जमानतका लागि प्रदेश धरौटी प्रदेश लेखा ईकाई कार्यालय, लहान, सिरहाको नाममा रा.बा.बैंक सिरहा, शाखामा रहेको धरौटी खाता नं. २१३०१००२०२०३०००० नगदै जम्मा गरेको सकलै भौचर वा बाणिज्य बैंकबाट१२० दिनको मान्य अबधि रहने गरि जारी भएको बैंक जमानतपत्र। शिलबन्दी दरभाउपत्र दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले शिलबन्दी दरभाउपत्र पेश गरने छ।

**अस्पताल प्रशासन**


## आईजीपी कार्कीको निर्देशन

काठमाडौं, १७ फाल्गुन। प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले चुनावलाई राष्ट्रिय संकल्पका रूपमा लिएर भयरहित वातावरणमा सफलतापूर्वक सम्पन्न गराउन सबै प्रहरी कर्मचारीलाई निर्देशन दिनुभएको छ। आइतबार श्रव्यदृश्य माध्यममार्फत सम्बोधन गर्दै उहाँले चुनाव अघि, चुनावका बेला र चुनावपछि अपनाउनुपर्ने सुरक्षा सतर्कताबारे स्पष्ट निर्देशन दिनुभएको हो।

उहाँले राष्ट्रप्रतिको दायित्व सम्झेर इमान्दारीपूर्वक काम गर्न आग्रह गर्नुभयो। साथै, सुरक्षा संवेदनशीलताको विश्लेषण गरेर रणनीतिक रूपमा परिचालन हुन र भरपर्दो सुरक्षा योजना लागू गर्न जोड दिनुभयो। अन्य सुरक्षा निकायसँग निरन्तर समन्वय र सहकार्य गर्दै चुनाव शान्तिपूर्ण रूपमा सम्पन्न गराउन पनि उहाँले निर्देशन दिनुभएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

## राष्ट्रिय सहमति...

स्थायित्व र सहमतिमूलक राजनीतिक दिशातर्फ अघि बढ्ने अवसर दिएको छ। शासन प्रणाली, संवैधानिक निकायहरूको स्वायत्तता, पारदर्शी नियुक्ति प्रक्रिया र धर्मनिरपेक्षताको व्यावहारिक परिभाषाजस्ता विषयमा साझा समझदारी बनेमा संविधान र लोकतान्त्रिक अभ्यास दुवै मजबुत हुन्छन्। बंगलादेशले जनमतसंग्रहमार्फत विवादास्पद मुद्दामा वैधता निर्माण गरेको अनुभवले नेपाललाई पनि राष्ट्रिय महत्त्वका विषयमा जनमत, पारदर्शिता र सहमतिलाई प्राथमिकता दिन प्रेरित गर्छ। यसले सुशासन, जवाफदेही र युवापुस्ताको अपेक्षा सम्बोधन गर्ने मार्ग खोल्छ।

अब निर्वाचन आइसकेकाले निर्वाचनपछि बन्ने सरकारले सबै दललाई समेटेर साझा राष्ट्रिय एजेन्डामा सहमति निर्माण गर्दै अघि बढ्नु अत्यावश्यक छ। यस्तो सहमतिमूलक अभ्यासले लोकतन्त्रलाई प्रतिस्पर्धात्मकमात्र होइन स्थिर, विश्वसनीय र दीर्घकालीनरूपमा सुदृढ बनाउने आधार तयार गर्छ।

## पुराना प्रतिबद्धताको...

यसपटकको चुनावी माहोललाई 'उपेक्षित वर्गको विद्रोह' का रूपमा चित्रण गर्छन्। उनका अनुसार सिरहाका दलित, भूमिहीन र सीमान्तकृत समुदाय अब केवल मतदान गर्ने मेसिनमात्र रहन तयार छैनन्। विद्रोही भन्छन्, "दशकौँदेखि दलित र भूमिहीनका नाममा राजनीति गरियो, तर उनीहरूको जीवनस्तर जहाँको त्यहीँ छ। लालपुर्जाको आश्वासन दिएर भोट बटुल्ने तर सत्तामा पुगेपछि बिर्सिने परम्पराले यस पटक ठुलो धक्का खाँदैछ। मतदाताले अब उम्मेदवारको अनुहार होइन, उनीहरूको इमानदारिता र विगतको कार्यशैलीको लेखाजोखा गरिरहेका छन्। यो कुनै एक दलको विरोध मात्र होइन, बरु वर्षौँदेखिको राजनीतिक ठगीविरुद्ध सचेत नागरिकले गरेको खबरदारी हो।" उनका अनुसार मुसहर र अन्य दलित समुदायमा आएको यो राजनीतिक जागरणले परम्परागत शक्ति सन्तुलनलाई भत्काउन सक्ने देखिन्छ।

अन्नको भण्डार मानिने तराईमा खेतीको समयमा रासायनिक मल नपाउनु यहाँका किसानको स्थायी पीडा हो। सुखीपुरका किसान रामवृक्ष यादव आक्रोश व्यक्त गर्दै भन्छन्, "बाली लगाउने बेला मल पाइँदैन, धान बेच्ने बेला उचित मूल्य पाइँदैन। नेताहरू ठुला भाषण गर्छन्, तर एउटा मल डिपोको व्यवस्था गर्न सक्दैनन्। अब हामीलाई उम्मेदवारको अनुहार होइन, हाम्रो खेतमा पानी र बोरामा मल पुऱ्याउने प्रतिबद्धता चाहिन्छ।" ग्रामीण भेगका सडकहरूको बेहाल अवस्थाले यस पटक मतदातालाई निकै चिढ्याएको छ। विशेष गरी बजार क्षेत्रसँग भित्री गाउँहरू जोड्ने सडकहरू दशकौँदेखि मर्मतको नाममा कार्यकर्ता पाल्ने माध्यममात्र बनेको स्थानीयको आरोप छ। बर्खामा हिलो र हिउँदमा धुलोले गर्दा स्वास्थ्यमा समस्या परेको भन्दै स्थानीयले उम्मेदवारलाई सचेत गराएका छन्।

स्थानीय बासिन्दाहरू भन्छन्, "हाम्रो गाउँको सडकमा वर्षेपिच्छे ग्राभेल त खन्याइन्छ, तर एक झरी पर्ने बित्तिकै त्यो बगेर जान्छ। यो सडक बनाउन आएको हो कि बजेट सिध्याउन?" उनीहरूले अब उम्मेदवारहरूसँग सामान्य मर्मतको आश्वासन होइन, दीर्घकालीन र गुणस्तरीय पक्की सडकको ग्यारेन्टी मागेका छन्। यस विषयमा लहानका स्थानीयसमेत रहेका

## किसानबाट ...

गोदाम भरिएपछि अहिले धान खरिद गर्न रोक्का गरिएको छ। प्रतिक्विन्टल तीन हजार ६२८ रुपैयाँ ३३ पैसाका दरले धान खरिद गरिएको हो।

गत मङ्सिर २८ गतेदेखि धान खरिद सुरु गरिएको थियो। यस वर्ष धान बिक्रीका लागि धनुषा र महोत्तरीका ठुलो संख्यामा किसानले धान बेचेको सो कार्यालयका सहायक प्रबन्धक गङ्गाप्रसाद साहले जानकारी दिए। बजार मूल्यभन्दा यस कार्यालयबाट धान खरिद मूल्य अत्यधिक भएकाले धान बिक्री गर्ने किसान अत्यधिक रूपमा आएका थिए। कम्पनीले प्रतिकिसान अधिकतम ५० क्विन्टलसम्म धान खरिद गर्दै आएको छ। स्थानीय तहको सिफारिसका आधारमा केही किसानबाट ५५ क्विन्टलसम्म धान खरिद गरिएको सहायक प्रबन्धक साहले बताए। धानको भुक्तानी भने सरकारले किसानको बैंक खातामै पठाउने व्यवस्था गरेको छ।

धान बिक्री गर्ने किसानमध्ये धनुषा लक्ष्मीनिया गाउँपालिका, नगराइन नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका तथा महोत्तरीको बलवा नगरपालिकाका किसान बढी रहेको उनले बताइन्। यस वर्ष कार्यालयले १३ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको थियो। तर धान राख्ने ठाउँ कमीका कारण धान किन्न बन्द गरेको थियो। धान खरिदअघि गुणस्तर परीक्षण गर्ने गरिएको र गुणस्तरीय धान मात्र खरिद भइरहेको कार्यालयको गुणस्तर शाखाकी अधिकृत सरला प्रजापतिले जानकारी दिइन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

## मध्यपूर्वमा रहेका नेपालीको सुरक्षा सरकारको उच्च प्राथमिकतामा : परराष्ट्र मन्त्रालय

काठमाडौं, १७ फाल्गुन। सरकारले मध्यपूर्वमा विकसित घटनाक्रमका कारण विभिन्न विमानस्थल र देशहरूमा फसिरहेका नेपालीको उद्धार र सहजीकरणको लागि र्‍यापिड एक्सन टिम गठन गर्ने तयारी गरेको छ। आज परराष्ट्र मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै मन्त्रालयका सहसचिव कृष्णप्रसाद ढकालले मध्यपूर्वका देशसहित विभिन्न विमानस्थलमा समस्यामा परेका नेपालीहरुको उद्धारको लागि र्‍यापिड एक्सन टिम गठन गर्न लागेको जानकारी गराउनुभएको हो।

मध्यपूर्वमा भइरहेका पछिल्ला घटनाबाट अहिलेसम्म कोही पनि नपाली घाइते वा मृत्यु नभएको भन्दै मन्त्रालयले घटनाक्रमलाई नजिकबाट नियालीरहेको बताएको छ। सहसचिव कृष्णप्रसाद ढकालले मध्यपूर्वमा रहेका नेपालीहरुलाई नआत्तिन आग्रह गर्दै सम्बन्धित देशले दिएको सूचना पालना गर्न अनुरोध गर्नुभयो। मन्त्रालयले मध्यपूवृमा रहेका नेपाली नागरिकको सुरक्षालाई उच्च प्राथमिकतामा राखेको भन्दै कूटनीतिक तथा प्रशासनिक पहल शुरू गरेको जनाएको छ। परराष्ट्र मन्त्रालयको मध्य एशिया, पश्चिम एशिया तथा अफ्रिका महाशाखाका सहसचिव रामकाजी खड्काले प्रभावित क्षेत्रका लागि ट्राभल एडभाइजरी जारी गरिएको बताउनुभयो।

सम्बन्धित देशहरूमा रहेका नेपाली दूतावास तथा नियोगहरूले पनि सूचना र सतर्कता सन्देश सार्वजनिक गरिसकेको बताउनुभयो। मन्त्रालयले विभिन्न देशहरूले जारी गरिरहेका आधिकारिक वक्तव्य र समग्र सुरक्षा अवस्थालाई निरन्तर निगरानी गरिरहेको जनाएको छ। सहसचिव खड्काका अनुसार मध्यपूर्वका विभिन्न देशमा अहिले झन्डै१७ लाख २९ हजार २ सय ८८ नेपाली नागरिक रहेका छन्। जसमा इरानमा १० जना नेपाली रहेका छन्। ती ४ जना नेपाल फर्किसकेका छन् भने ६ जना इरानमै छन्। यस्तै इजरायलमा झन्डै ६ हजार ५ सय नेपाली नागरिक रहेका छन्।

मन्त्रालयका अनुसार अहिले चार प्रकारले नेपाली नागरिक समस्यामा परेको देखिएको छ। जसमा भिसा र टिकट भइसकेर पनि उडान रोकिने अवस्था, गन्तव्य देशमा पुगेर विमानस्थलबाट बाहिर निस्कन कठिनाइ, ट्रान्जिटमा अलपत्र परेका यात्रु, विशेषतः युरोप–अमेरिका जाने क्रममा, गन्तव्य देश पुगे पनि रोजगारदातासम्म पुग्न नसकेका श्रमिक रहेका छन्। यसका लागि सम्बन्धित निकाय र वैदेशिक रोजगार व्यवसायीमार्फत समन्वय भइरहेको मन्त्रालयले जनाएको छ।

# मिथिला मध्यमा परिक्रमाः सांस्कृतिक सम्बन्धको निरन्तरता



महोत्तरी, १७ फाल्गुन। मिथिला माध्यमिकी परिक्रमाका यात्री दोहोर्याएर भारत पुगेका छन्। पन्ध्र दिने यो परिक्रमामा दोस्रो र तेस्रो दिन भारतको मधुवनी जिल्लाको कल्याणेश्वर (कलना) र गिरिजास्थान (फुलहर)मा बिताएका यात्री फेरि १३औं दिन शनिबार भारत पुगेका हुन्। यात्राको उत्तरार्द्धतिर १३औं दिन मधुवनीकै करुणामा शनिबार रात बिताएका यात्री आइतबार १४औं दिन मधुवनीकै बिसौल पुग्दैछन्। बिसौलमा आज परिक्रमाका यात्री मध्यान्हसम्म सबै पुग्नेछन्। आज बिसौलको रात्रिबासपछि अन्तिम अर्थात् १५औं दिन भोलि सोमबार यात्री जनकपुरधाम पुग्नेछन्। महोत्तरी, धनुषा र मधुवनी जिल्लाका तीर्थस्थलहरूको परिक्रमा गरिने यो यात्रा नेपाल–भारत सांस्कृतिक सम्बन्धको अनुपम उदाहरण भएको सीमा वारिपारिका बासिन्दा बताउँछन्।

सीमापारिका भारततिर गुप्तामात्र नभएर आम सर्वसाधारण र जनप्रतिनिधिहरू पनि सीमा वारिपारिका नेपाली र भारतीय दुई फरक देशका नागरिक भए पनि दुःखसुख एकआपसमा बाँड्दै आएका बताउँछन्। नेपाल–भारतबीच सांस्कृतिक आदानप्रदानका कैयौं अवसर छन्। योमध्ये साउन शुक्लपक्षमा मनाइने झुलापर्व, कात्तिक शुक्लपक्षमा मनाइने छठ, मङ्सिर शुक्लपक्षको पञ्चमी तिथिमा मनाइने रामजानकी विवाह महोत्सव, फागुन शुक्लपक्षको मिथिला माध्यमिकी परिक्रमा र होली पर्व मुख्य छन्। यी धार्मिक तथा सांस्कृतिक उत्सवमा नेपाल र भारतका साधुसन्तदेखि घरगृहस्थीका सर्वसाधारणसम्म एकाकार हुँदै आएका नेपालतर्फ महोत्तरीको मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल बताउछन्।

"मिथिला माध्यमिकी परिक्रमाको चौथो दिन भारतको गिरिजास्थानबाट मटिहानी आउने यात्री मधवापुर बजारहुँदै आउँछन्, ती सबैलाई मधवापुरबासी स्वागत गर्दै नेपालतिर ल्याउँछन्", उनी भन्छन्, "बीचको दशगजा वारिपारिका हामी बासिन्दा छौं, यो भूगोल थाहा नपाएका कुनै नयाँ यात्री हामीलाई (मटिहानी र मधवापुरवासी) हेरेर फरक देशका नागरिक भनेर खुट्याउनै सक्दैनन्।" दुवैतर्फका बोली, रीतिथिति, वेशभूषा र चाडपर्व समान हुँदा वारिपारि आउजाउ गर्दा कहिल्यै फरक देशको अनुभूति नहुने गरेको तत्कालीन मधवापुर ग्रामपञ्चायतका सरपञ्च बलराम मिश्र बताउनुहुन्छ। विगतमा नेपालका एफएम रेडियोहरूमा लामो समय विभिन्न कार्यक्रम प्रस्तुत गरेको हुँदा नेपाली बोल्न, लेख्न र पढ्न असजिलो नहुने मिश्रले प्रस्ट्याए।

मिथिला माध्यमिकी परिक्रमा अघि त्रेतायुगमा श्रीराम र सीताजीले विवाहपश्चात विहार गर्ने क्रममा घुमफिर गर्नुभएका पदचापको अनुशरण मानिन्छ। प्राचीन मिथिला (विदेह) राज्यको राजधानी जनकपुरधामलाई केन्द्र (माझ)मा राखेर १३३ किलोमिटरको बृत्तमा १५ दिन गरिने मध्यमा परिक्रमामा मधुवनी जिल्लामा चार रात्रिबासको परम्परा छ। यस यात्रामा सरिक हुने नेपाली र भारतीय उत्तिकै हुन्छन्। यात्रामा को भारतीय र को नेपाली भनेर नचिनिने जलेश्वर-५ पतैलीका बासिन्दा मैथिल संस्कृतिविद् ुवराय बताउछन्। "यो यात्रा साधुसन्तले भनेजस्तै साँच्चै अलौकिक छ, अनि आनन्द र निस्फिक्रीको पनि", राय भन्छन्, "यात्राको सबल पक्षमा नेपाल भारतका सांस्कृतिक सम्बन्धका कुरा छन्, यस यात्रामा नेपाल–भारत दुवै देशका क्षेत्र र नागरिक सम्मिलित हुन्छन्, यो हाम्रो बहुआयामिक सम्बन्धको सेतु पनि हो।"

फागुन औंसीदेखि सुरु भई शुक्लपक्षभरिका १५ दिनको यो यात्रामा १५ रात्रिबासको परम्परा छ। जसमा नेपालतर्फ ११ र भारततर्फ मधुवनी जिल्लामा चार रात बिताइने गरिन्छ। यो यात्रामा दोस्रो, तेस्रो, १३ औं र १४ औं दिनको रात्रिबास भारतको मधुवनी जिल्लाका क्रमशः कल्याणेश्वर (कलना), फुलहर (गिरिजास्थान), करुणा र बिसौलमा गरिन्छ। नेपालतर्फ ११ दिनमा छ धनुषा र पाँच महोत्तरीमा गरिन्छन्। मिथिला माध्यमिकी परिक्रमाका कथाबस्तु सबै नेपाल–भारतका समान छन्। श्रीराम भारतीय र सीताजी नेपालकी छोरी। यो वैवाहिक सम्बन्धदेखि नै यता दुवैतर्फ बिहाबारी सघन हुँदै आएको परिक्रमाको १३औं दिनको रात्रि विश्रामस्थल रहेको मधुवनी जिल्लाको करुणाका बासिन्दा ७० वर्षीय श्रीनिवास पाण्डे बताउछन्। यी सांस्कृतिक परम्पराले राज्यराज्यबीचको सम्बन्धलाई अझ सुदृढ गरेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठका प्राचार्य हेमनारायण लाल कर्णको भनाइ छ।

# मधेशमा सुरक्षा व्यवस्था कडा

जनकपुरधाम, १७ फाल्गुन। प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी मधेश प्रदेशमा सुरक्षा व्यवस्था कडा पारिएको छ। निर्वाचन आचारसंहिता उल्लंघन हुन नदिन तथा निष्पक्ष तथा शान्तिपूर्ण वातावरण कायम गर्नका लागि योजनाबद्ध रूपमा निर्वाचनको तयारी भइरहेको मधेस–प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ। प्रदेशसँग जोडिएका नेपाल–भारत सीमाक्षेत्रमा सुरक्षामा कडाइ गरिएको छ। चेक प्वाइट खडा गरिएको छ भने विशेष निगरानी भइरहेको छ। आठवटै जिल्लाका मतदान केन्द्रहरूको सुरक्षा सन्दर्भमा अनुगमन तथा निरीक्षण भइसकेको सो कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार मधेश–प्रदेशमा दुई हजार १६० मतदान स्थलमध्ये एक हजार २४६ मतदानस्थल अतिसंवेदनशील अवस्थामा छन्। प्रदेशमा भारतीय सीमासँग जोडिएका अधिकांश मतदान स्थल अतिसंवेदनशील छन्। त्यसको अनुगमन तथा सुरक्षाका उपायबारे योजनाबद्ध तरिकाले कार्य अगाडि बढाइएको मधेश–प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमल थापाको भनाइ छ। प्रदेशका सबै जिल्लाका सुरक्षा समितिको अध्ययन अनुसार अतिसंवेदनशील वर्गीकरण गरिएको उहाँले भन्नुभयो।

मधेश–प्रदेशमा प्रतिनिधिसभाका लागि ३२ वटा निर्वाचन क्षेत्र रहेकामध्ये एक हजार २४६ मतदान स्थल अतिसंवेदनशील अवस्थामा रहेको, ७५५ मतदानस्थल संवेदनशील अवस्थामा रहेको तथा १५९ मतदान स्थल सामान्य अवस्थामा रहेको बताएको छ। सप्तरीमा २९६ मतदान स्थलमध्ये २०९ वटा मतदान स्थल अतिसंवेदनशीलको सूचीमा छन्। त्यस्तै सिरहाका १५४, धनुषाका १९४, महोत्तरीका १६३, सर्लाहीका १५८, रौतहटका १५२ तथा बाराका १४५ मतदान स्थल अतिसंवेदनशील सूचीमा राखिएको छ।

मधेश प्रदेशमा कूल चार हजार ४७१ मतदान केन्द्र रहेको जनाइएको छ। निर्वाचनमा प्रदेशमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्रगरी एक हजार २८ जना उम्मेदवार छन्। प्रदेशमा ३५ लाख १७ हजार १२३ मतदाता छन्। जसमा पुरुषको संख्या १९ लाख पाँच हजार ८१९ तथा महिलाको संख्या १६ लाख ११ हजार ३०४ रहेको जनाइएको छ।

# निर्वाचन आचारसंहिताको पूर्ण पालना नभएको मानव अधिकार आयोगको निष्कर्ष

काठमाडौं, १७ फाल्गुन। राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचन आचारसंहिताको पूर्ण परिपालना नभएको निष्कर्ष निकालेको छ। आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलका अनुसार ४२ जिल्लामा गरेको चुनावपूर्वको अनुगमनमा र्यालीमा बालबालिकाको सहभागिता, पत्रकारमाथि धम्की र कुटपीट, अनुमतिबिना चुनाव चिन्ह र प्रचार सामग्रीको प्रयोग, सामाजिक सञ्जालको दुरुपयोग तथा मतदाताहरुमा अनुचित प्रभाव पार्ने प्रयास जस्ता आचारसंहिता उल्लंघनका घटना पाइएका छन्।

आयोगले दलका नेता र उम्मेदवारबिचको सौहार्दता तथा सुरक्षा निकायको सतर्कतालाई भने सकारात्मक रूपमा लिएको छ। आयोगले सामाजिक सञ्जालको दुरुपयोग नगर्न र आचारसंहिताको पूर्ण परिपालना गरी चुनावलाई मानव अधिकारमैत्री बनाउन सबै पक्षलाई आग्रह गरेको छ।

# 'सहिद परिवारको दुखेसो कसैले बुझेनन्'

वीरगञ्ज, १७ फाल्गुन। मधेश आन्दोलनमा सहादत प्राप्त गरेका सहिद धर्मराज सिंह राजपुतको ६० वर्षीय आमा कलावतीदेवी सिंह राजपुतको मन भने अहिले पनि खिन्न छ। दश वर्षअघि आफ्नो २२ वर्षे छोरा गुमाएकी कलावतीदेवीको मुहारमा अझैसम्म पनि उत्साहको सञ्चार हुन सकेको छैन। यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवारहरू भोट माग्नका लागि उनको घरदैलोमा हिँडिरहेका दृश्य देख्दा आफ्नो मन छियाछिया हुने गरेको उनी दुःखेसो पोख्छिन्। "मेरो छोराले देशका लागि सहादत प्राप्त गर्‍यो," उनले भनिन्, "हामी सहिद परिवारको दुःख भने कसैले बुझिदिएनन्," उनले गहभरि आँसु झार्दै भनिन्, "हाम्रो छोराले मधेश आन्दोलनको क्रममा सहादत प्राप्त गर्‍यो तर कसैले पनि हाम्रो परिवारको दुःखलाई हेर्ने काम गरेका छैनन्।" सहिद परिवारले भोग्नुपरेको पीडाबारे कसैले वास्ता नगरेको उनको गुनासो छ।

"राजनीतिक दलका नेताले सहिदहरूलाई केबल राजनीति गर्ने सिँढी मात्रै बनाउने काम गरे," उनले भनिन्, "सहिद परिवारले भोग्नुपरेको पीडा र दुःखलाई कसैले पनि बुझ्ने प्रयास गरेनन्," उनले भनिन्, "सहिद धर्मराजसिंह राजपुतका दाजु करण सिंह राजपुतले दुई वर्षअघि साना तथा घरेलु उद्योग कार्यालय वीरगञ्जमा करारको जागिर पाएका थिए। तर, उनको करारको अवधि थप नभई दैनिक ज्यालादारीमा झारेपछि र नियमित तलब पनि नपाएकाले जागिर नै छोड्नुपरेको गुनासो गरे। "हाम्रो परिवारको आम्दानीको स्रोत पनि राम्रो छैन। भएको करारको जागिरको पनि म्याद थप नभएपछि छाडेको हुँ, हामी सहिद परिवार त राजनीति गर्नेका लागि टेको मात्रै हुने रहेछौं," करणले भने।

सहिद राजपुतको २०७२ भदौ १५ गते सुरक्षाकर्मीको गोली लागेर निधन भएको थियो। सहिद हुनु केही दिन अघिसम्म उनी धर्मराज सशस्त्र प्रहरी बल नेपालमा कार्यरत थिए। मधेश आन्दोलन चर्किएसँगै भाइले सशस्त्र प्रहरी बलबाट राजीनामा दिएर आन्दोलनमा होमिएको दाजु करणले स्मरण गरे। "करारको जागिर जोगाउन मैले धेरै हन्डर खाएँ तर कतैबाट पनि सहयोग नपाएपछि अन्ततः छोड्ने निर्णय गरें," उनले भने। मधेस आन्दोलनका सहिद धर्मराज सिंह राजपुतको परिवार मात्रै होइन, अर्का सहिद दिलीप चौरसियाका ६० वर्षीय आमा रामज्योति चौरसियाका आँखा पनि आफ्नो छोरा दिलीपको यादले अझै पनि रसाउँछन्।

वीरगञ्ज महानगर–२२ स्थित आफ्नो आँगनमा टोलाएर बसिरहेकी आमा रामज्योतिलाई आफ्नो छोराले ज्यान गुमाएको हिजोजस्तै लाग्छ। तर, मधेस आन्दोलनका क्रममा दिलीप चौरसियाको २०७२ भदौ १४ गते निधन भएको थियो। "कान्छो छोरा आइहाल्छ जस्तै लाग्छ," भावुक हुँदै आमा रामज्योतिले भनिन्, "छोराको निधनपछि मधेसमा केही परिवर्तन होला भन्ने आशा राखेका थियौं तर केही पनि हुन सकेन।" सिभिल इन्जिनियरिङ अध्ययन गरिरहेका दिलीप पढाइको अन्तिम संघारमा पुगेको बेला सुरक्षाकर्मीको गोली लागेर सहादत प्राप्त गरेका थिए।

सहिद दिलीपका जेठा दाजु पृथ्वीनारायण चौरसियाले मधेस र मधेसका जनताको अधिकार प्राप्तिका लागि आफ्ना भाइहरूले ज्यान गुमाए पनि मधेसका राजनीतिक दल तथा नेताले सत्तामा अघि बढ्ने भर्‍याङ मात्रै बनाएको आरोप लगाए। "राजनीतिक नेताले हामीजस्ता सहिद परिवारलाई बिर्से," उनले भने, "जुन उद्देश्य र जुन अधिकार प्राप्त गर्नका लागि हाम्रा भाइहरूले ज्यान गुमाए, सो उपलब्धि संस्थागत नहुँदा मन दुख्छ।"

मधेश आन्दोलनका सहिद परिवार मात्रै नभएर मधेश आन्दोलनका जिउँदा सहिद मुन्सी पटेल पनि अहिले दिक्दारी व्यक्त गर्छन्। जिउँदा सहिद पटेल गत माघ ८ गतेदेखि नारायणी अस्पतालको सर्जिकल वार्डको शय्या नं. ११० मा पुरानो घाउ बल्झिएर उपचाररत छन्। नेपालको संविधान जारी भएको दिन अर्थात् २०७२ असोज ३ गते सुरक्षाकर्मीले चलाएको गोली लागेर उनको कम्मरमुनिको भाग चल्दैन। गोलीकै कारण बेलाबखत उनको पुट्ठामा लागेको चोट बल्झिएसँगै अस्पतालमा भर्ना भएर उपचारको क्रममा छन्।

"मधेश आन्दोलनका क्रममा पाएको चोटले अझैसम्म पनि दुख दिन छाडेको छैन," उनले भने, "हामीले संविधानमा भएका केही प्रावधानको विरोध गर्दै आन्दोलनमा होमिएका थियौं तर अहिले आफ्नो अवस्था भने विजोग भएको छ।"

"मधेश आन्दोलनका क्रममा धेरै आमाको कोख रित्तियो। धेरै श्रीमतीको सिन्दूर पुछियो तर यहाँका राजनीतिक दलले सहिद तथा घाइते परिवारलाई बिर्सिएको देख्दा निकै दुःख लाग्छ," उनले भने। पर्सामा प्रतिनिधिसभा सदस्य निर्वाचनका चार क्षेत्र छन्। चार क्षेत्रबाट स्वतन्त्रसहित १०७ उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन्। पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पर्सामा शान्ति सुरक्षाको उचित प्रबन्ध मिलाउँदै आएको बताए। पर्सामा १६७ वटा मतदानस्थल छन्। तीमध्ये ६२ मतदानस्थल अतिसंवेदनशील, ८५ संवेदनशील र २० कम संवेदनशील सूचीमा राखिएका छन्।

समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)